**सहयोगका लागि सम्पर्कः**


**वैदेशिक रोजगार विभाग**
तीनकुने, काठमाडौं
फोनः +९७७-१-४११२३५० (हटलाइन), ४४६२९९
फ्याक्सः +९७७-१-४११२४७३
इमेलः info@dofe.gov.np
www.dofe.gov.np

**वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड**
अनामनगर, काठमाडौं
टोल फ्रि नं. १६६००१-५०००५
फोनः +९७७-१-४१०२६०७, ४१०२७११
इमेलः info@fepb.gov.np
www.fepb.gov.np

**Embassy of Nepal, UAE**
Villa No. 52 (A), E-4/02
Madinat Zayed, Muroor Road
(Behind Etihad Airways Building)
P. O. Box: 38282
Abu Dhabi, UAE
Tel No: +971-26344767
Fax: +971-26344469
Email: info@nepalembassyuae.org
www.nepalembassyuae.org


## टिपोट


**Centre for the Study of Labour and Mobility**
Social Science Baha, 110 Ramchandra Marg, Battisputali, Kathmandu – 9, Nepal
Tel: +977-1-4472807 • Fax: +977-1-4461669
email: info@ceslam.org • www.ceslam.org

*यो जानकारी पत्रको समीक्षा गरेर सहयोग पुऱ्याउनु भएकोमा हामी वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, अनामनगर, काठमाडौं, तथा सोम लुइँटेल, अध्यक्ष, मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) प्रति कृतज्ञ छौं ।*


# वैदेशिक रोजगारीका लागि जानकारी पत्र
# युएई

## १. जानका लागि चाहिने योग्यता

क. वैदेशिक रोजगारीमा जानका लागि १८ वर्ष उमेर पुगेको हुनुपर्छ ।

ख. घरेलु कामदारका रूपमा जान चाहने महिलाको उमेर ३० वर्ष पुगेको हुनुपर्छ ।

ग. वैदेशिक रोजगारका लागि मान्यता पाएको म्यानपावर कम्पनीमा निवेदन दिनुपर्छ ।

घ. व्यक्तिगत सम्पर्कबाट पनि युएईमा काम गर्न जान सकिन्छ ।

## २. लाग्ने खर्च

क. युएईमा रोजगारी पाउनका लागि म्यानपावरलाई बढीमा रु. ७०,००० तिर्नुपर्छ ।
- यसमा भिसा शुल्क र हवाई टिकट पनि समेटिएको हुन्छ ।
- कम्पनीले फ्रि भिसा र हवाई टिकट दिएमा लाग्ने खर्च यसभन्दा कम हुन्छ ।

ख. अभिमुखीकरण तालिम लिन रु. ७०० खर्च लाग्छ ।
- महिला कामदारले त्यो रकम तिरेको रसिद लिएर गएमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, अनामनगर, काठमाडौंले रु. ७०० फिर्ता दिन्छ ।

ग. सबै कामदारले वैदेशिक रोजगार कल्याणकारी कोषमा रु. १००० तिर्नुपर्छ ।

## ३. विदेश जानका लागि प्रक्रिया र चाहिने कागजपत्र

क. सबै कामदारले दुईदिने अभिमुखीकरण तालिम लिनुपर्छ ।

ख. युएईको रोजगारदाता कम्पनीले मागे अनुसारको सीप विकास तालिम लिनुपर्छ ।

ग. घरेलु कामदारका रूपमा युएई जान लागेका महिला कामदारले २१ दिने सीप विकास तालिम लिनुपर्छ ।

घ. सरकारद्वारा मान्यताप्राप्त मेडिकल संस्थाबाट स्वास्थ्य जाँच गराउनुपर्छ ।

ङ. विदेशमा काम गर्न जानेले जीवन बिमा गर्नुपर्छ ।

च. सबै कामदारले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनुपर्छ । स्वीकृति लिन चाहिने कागजपत्रहरूः
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्र
- मेडिकल रिपोर्ट
- बिमा कागज
- वैदेशिक रोजगार कल्याणकारी कोषमा रु. १००० तिरेको रसिद
- कामदार र कम्पनीबीचको कन्ट्र्याक्ट
- म्यानपावरमार्फत जाने भएः
  - ◇ कामदार र कम्पनीबीचको कन्ट्र्याक्ट
  - ◇ म्यानपावरलाई पैसा बुझाएको रसिद

## ४. करार (एग्रिमेन्ट/कन्ट्र्याक्ट)

क. कामदारले युएईका कम्पनीसँग र म्यानपावरमार्फत जाने भए नेपालको म्यानपावरसँग कन्ट्र्याक्ट गर्नुपर्छ ।
- सो कन्ट्र्याक्ट युएईको श्रम कानुन अनुसार हुनुपर्छ ।

ख. कन्ट्र्याक्टमा कामको प्रकृति र तलब सुविधा साथै कामदारको अधिकार र जिम्मेवारीका बारेमा उल्लेख हुनुपर्छ ।

ग. कन्ट्र्याक्ट नेपाली, अंग्रेजी र अरबी भाषामा हुनुपर्छ ।

घ. युएईको श्रम मन्त्रालय र अदालतले यी तीनै भाषाका कन्ट्र्याक्टलाई उत्तिकै मान्यता दिन्छन् ।

- तर कन्ट्र्याक्टका बारे रोजगारदाता र कामदारका बीच विवाद उत्पन्न भएमा अरबी भाषाको कन्ट्र्याक्टले मान्यता पाउँछ ।

ङ. युएईमा अदक्ष नेपाली कामदारको न्यूनतम मासिक तलब अरब इमिरेट्स दिरहाम ८०० (लगभग रु. १८,०००) छ ।

च. अर्धदक्ष कामदारको न्यूनतम मासिक तलब १००० दिरहाम (लगभग रु. २३,५००), दक्ष कामदारको १२०० दिरहाम (लगभग रु. २८,१००) र अति दक्ष कामदारको ५००० दिरहाम (लगभग रु. ११७,०००) छ ।

छ. सबै कामदारलाई खाना वा प्रतिमहिना ३०० दिरहाम (लगभग रु. ७०००) खाना भत्ता दिइन्छ ।

ज. अति दक्ष कामदारका लागि न्यूनतम खाना भत्ता ५०० दिरहाम (लगभग रु. ११,७००) छ ।

झ. युएईको श्रम कानुन अनुसार कामदारले बढीमा दिनमा ८ घण्टा वा हप्तामा ४८ घण्टा काम गर्नुपर्छ ।

ञ. हप्ताको एक दिन बिदा पाइन्छ ।

ट. ओभरटाइम (ओ.टी.) काम गरेको थप ज्याला पाउनुपर्छ ।

ठ. एक वर्ष काम गरिसकेका कामदारले कन्ट्र्याक्टको अन्त्यमा उपदान पाउँछ ।

## ५. प्रस्थान

क. म्यानपावरले छानेका कामदारलाई भनेको समयमा वा समय नभनेको भए तीन महिनाभित्र विदेश पठाउनुपर्छ ।

ख. कामदारहरू काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय एयरपोर्टबाट उड्नुपर्छ ।

ग. हवाई टिकट नपाएर अरू देशको एयरपोर्टबाट उड्नुपरेमा वैदेशिक रोजगार विभागबाट स्वीकृति लिनुपर्छ र अध्यागमन (इमिग्रेसन) कार्यालयमा आफ्नो विवरण टिपाउनुपर्छ ।

घ. अध्यागमन (इमिग्रेसन) कार्यालय एयरपोर्ट र नेपालका मुख्य नाकाहरूमा छन् ।

## ६. युएईमा रहँदा

क. प्रहरी सेवामा रहेका, घरेलु कामदार र कृषि कामदार (संस्थाले काममा लगाएका बाहेक) बाहेकका कामदारले युएईको श्रम कानुनले दिएको अधिकार पाउँछन् ।

ख. युएईमा नेपाली कामदारले बस्ने, स्वास्थ्य उपचार जस्ता सुविधा पाउँछन् ।

ग. रोजगारदाताले अत्याचार गरेको प्रमाणित भए बाहेक कामदारले आफ्नो रोजगारदाता (स्पोन्सर/कफिल) फेर्न पाउँदैन ।

घ. युएईमा मजदुर संगठन खोल्न वा धर्ना विरोध गर्न पाइँदैन ।

ङ. कामदारले युएईमा कमाएको पैसा नेपाल पठाउन पाउँछन् ।

च. कन्ट्र्याक्ट सकिएपछि युएई छाडेर नेपाल फर्कनुपर्छ ।

छ. रोजगारदाताले अनुमति दिएपछि मात्र कामदारले युएई छाड्न पाउँछन् ।

## ७. समस्यामा परेमा

***युएईमा***

क. रोजगारदातासँग विवाद भएमा कामदारले युएईको श्रम विभागमा उजुरी गर्न सक्छन् ।

ख. श्रम विभागमा समाधान हुन नसकेका मुद्दालाई श्रम अदालतमा पठाइन्छ ।

ग. कुनै समस्या आएमा नेपाली कामदारले अबु धाबीमा रहेको नेपाली दूतावास (एम्बेसी) सँग सहयोग माग्न सक्छन् ।

***नेपालमा***

क. वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि कसुरको उजुरी दिन पाइन्छ । जस्तै :

- मान्यता नलिई म्यानपावर खोलेमा,
- विदेश पठाइदिन्छु भनी पैसा लिई विदेश नपठाएमा,
- कन्ट्र्याक्टमा भनेभन्दा फरक काम भएमा वा पारिश्रमिक र सुविधा कन्ट्र्याक्टमा भनेभन्दा कम भई फिर्ता आउनुपरेमा ।

ख. क्षतिपूर्ति (हरजाना) सँग सम्बन्धित मुद्दा वैदेशिक रोजगार विभागले समाधान गर्छ ।

ग. विभागमा नसुल्झिएका र आपराधिक मुद्दाहरू वैदेशिक रोजगार न्यायाधीकरणमा लगिन्छ ।

- न्यायाधीकरणले दुवै पक्षका साक्षी प्रमाण बुझी फैसला गर्दछ ।

घ. विभागले पठाएका मुद्दामा न्यायाधीकरणले कामदारका तर्फबाट सित्तैमा मुद्दा लडिदिन्छ ।

ङ. केही गैरसरकारी संस्थाहरूले (एनजीओ) पनि आप्रवासी कामदारलाई सित्तैमा कानुनी सेवा दिन्छन् ।

च. युएईमा मृत्यु भई अलपत्र परेको लाश नेपाल ल्याउन कामदारका आफन्तले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा निवेदन दिन सक्छन् ।

छ. त्यस्ता कामदारले पाउने बाँकी तलब र अन्य पैसा अबु धाबीमा रहेको नेपाली एम्बेसीमा कम्पनीले जम्मा गर्नुपर्छ ।

ज. कामदारले पाउनुपर्ने सबै पैसा लाशसँग आफन्तलाई पठाउन यसो गरिएको हो ।

झ. युएईमा मृत्यु भएका कामदारका नजिकका हकवालाले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा रु. १५०,००० को क्षतिपूर्ति (हरजाना) दाबी गर्न सक्छन् ।

ञ. युएईमा काम गर्दा अङ्गभङ्ग भएमा कामदारले प्रवर्द्धन बोर्डमा रु. १५०,००० सम्मको क्षतिपूर्ति (हरजाना) दाबी गर्न सक्छन् ।

ट. कन्ट्र्याक्ट अवधिमा कामदारको मृत्यु भएमा वा अङ्गभङ्ग भएमा नेपालको बिमा कम्पनीमा रु. ५००,००० सम्मको बिमा दाबी गर्न सक्छन् ।

यो जानकारी पत्र सेन्टर फर द स्टडी अफ् लेबर एन्ड मोबिलिटीका लागि **अमृता लिम्बू**ले तयार गरेकी हुन् ।

स्रोत: नेपालको वैदेशिक रोजगार ऐन २००७, वैदेशिक रोजगार नियमावली २००८, वैदेशिक रोजगार (पहिलो संशोधन) नियमावली २०११; नेपाल सरकार र युनाइटेड अरब इमिरेट्सका बीचमा जनशक्ति सम्बन्धमा भएको समाझदारी पत्र; युएईको श्रम सम्बन्ध नियमित गर्ने १९८० को संघीय काननु न. ८ (१९८१ २४ न., १९८५ को १५ न. र १९८६ को १२ न. को संघीय कानुन संशोधन समेत); युएई जाने कामदारको न्यूनतम पारिश्रमिक (वैदेशिक रोजगार विभागले ४ नोभेम्बर २०१२ मा जारी गरेको सूचना), र वैदेशिक रोजगारी सम्बन्धी खर्च (वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको वेबसाइटमा राखेको जानकारी) ।